Web: www.gangadevmun.gov.np E-mail: gangadevmun@gmail.com

# गंगादेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सानडाँडा, रोल्पा, ५ नं. प्रदेश, नेपाल

### गंगादेव गाउँ कार्यपालिकाको बैठकको प्रेस नोटः

### गाउँ कार्यपालिकाको मिति २०७६ वैशाख २४ गते सम्पन्न बैठकका प्रमुख निर्णयहरूः

मितिः २०७६/०१/

१. महालेखापरिक्षकको कार्यालयबाट यस गाउँपालिकाको गत आ.व.को अन्तिम लेखापरिक्षणको प्रतिवेदन माथी छलफल गरि अन्तिम लेखापरिक्ष औंल्याइएका बेरूजु फच्यौटको लागी तदारूकताका साथ प्रकृया सुरू गर्ने र बेरूजु फच्यौटकालागी आवश्यक कागजात तथा प्रमाण पेश सम्बन्धित सरोकारवालाइ ताकेता गर्ने ।

२. गाउँ शिक्षा समितिको मिति २०७६ बैशाख १० गते सम्पन्न बैठकका देहायका निर्णयहरूलाइ अनुमोदन गर्ने ।

तपशिलः

➢ निर्णय नं. १ विद्यालयहरूलाइ सशर्त अनुदान वितरण सम्बन्धि निर्णय ।

क. उत्कृष्ट सिकाई उपलब्धी भएका विद्यालयलाई सिकाई सुदृढिकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान वितरण भएका विद्यालयहरु प्रति विद्यालय ५०,००० अक्षेरुपी पचास हजार अनुदान उपलब्ध गराउने

श्री जनता आ.वि. विवाङचौर | श्री सिद्धार्थ आ.वि. ओदलाम | श्री पृथ्वी नारायण मा वि जायाचौर | श्री सिद्धार्थ मा.वि. घोप्टेओडार

श्री सरस्वती आ.वि. कल्ले पोखरी | श्री बालबोध आ.वि. झाँकीसल्ला | श्री शिद्ध आ.वि. बसारेचौर | श्री बीरेन्द्र मा.वी. नाउली

ख. गणीत, विज्ञान, र अंग्रेजी विषयका लागी क्रियाकलापमा आधारित सामाग्री अनुदान प्रति विद्यालय रु ५०,००० वितरण हुने विद्यालय

१. श्री सरस्वति आ वि म्यालेखोला

ग. कक्षा ११ र १२ मा अध्ययनरत तोकिएका लाभान्वित वर्गका विद्यार्थीहरुका लागी पाठ्यपुस्तकमा आधारित हुने गरी पा.पु. उपलब्ध गराउन विद्यालयलाई अनुदान रु ५०,००० वितरण हुने विद्यालय

१. श्री जीवनज्योति मा.वि. रौंक

घ. विद्यालयमा शिक्षकको शिक्षण अवधि विताउने समय सुदृढीकरण गर्न विद्यालय रु २००० वितरण हुने विद्यालय

श्री जनप्रेम प्रा.वि. सल्लीचौर | श्री अमरसत्य प्रा.वि. सुलहुने टाकुरा | श्री शिद्ध प्रा.वि. रहमाइ | श्री जनता प्रा.वि. उप्रेचौर

श्री गुरासेतारा प्रा.वि. आरुचौर

ङ. राष्ट्रपित रनिङ सिल्ड प्रतियोगीताको रु १००००० बाट रकम पाउने विद्यालयहरु प्रति विद्यालय रु २५००० का दरले

श्री राष्ट्रिय मा.वि. मेलढारी | श्री नेपाल राष्ट्रिय मा.वि. सिमखोला | श्री बुद्धीविकास मा.वि. रौंक | श्री गंगा मा.वि. चौताराडाँडा

➢ निर्णय नं. २ दुइकोठे भवन वितरण सम्बन्धि निर्णय । आ.व. २०७५/ ७६ को दुई कोठे तपशिल अनुसार विद्यालयलाइ दिने ।

श्री भगवति आ.वि. कुकुरगारे | श्री नेपाल राष्ट्रिय मा.वि. सिमखोला

➢ निर्णय नं. ३ विद्यालयहरूको कक्षा थप तथा तह तथ गर्ने सम्बन्धि निर्णय ।

अनुमती माग भई आएकोले तपशिल अनुसारका विद्यालयका आवश्यकता र सबै किसिमको आधारहरु पुरा गरेको कारण थप तथा तह थपको लागी अनुमती दिने निर्णय गरियो ।

श्री जनप्रेम प्रा.वि. सल्लियौर कक्षा ७ थप | श्री राष्ट्रिय मा.वि. मेलढाँरी स्रोत कक्षा ११ थप

श्री सरस्वति आ.वि. कल्लेपोखरी रौंक मा.वि. तह कक्षा ९ थप

➢ निर्णय नं. ४ स्रोत व्यक्ति र कार्यालय सहायक हरी बहादुर खडकाको सट्टामा शिक्षक पदपुर्ति गर्ने निर्णय ।

➢ निर्णय नं. ५ अनुदानमा शिक्षक नियुक्ति नगर्ने विद्यालयको सम्वन्धमा निर्णय ।

➢ निर्णय नं. ६. प्रथम अध्यक्ष कप खेलकुद कार्यक्रमको लागी विद्यालयलाइ निकासा सम्वन्धमा ।

प्रथम अध्यक्ष कप प्रतियोगीतामा सहभागी भएर कार्यक्रममा भाग लिने तथा सो को व्यवस्थापन गर्ने विद्यालयहरुको लागी तपशिल अनुसारको रकम निकासा दिने

| | | | | |
|---|---|---|---|---|
| क) | ८ वटा मा.वि. हरुलाई | २०,०००*८ = १,६०,००० ।- | ख) ८ वटा आ.वि. हरुलाई | १३,०००*१० = १,३०,००० ।- |
| ग) | ४ वटा प्रा.वि. हरुलाई | ६,०००*४ = २४,००० ।- | घ) शिद्ध आ.वि. बसारेचौर व्यवस्थापन गरे बापत | रु १,००,००० ।- |
| ङ) | सिद्धार्थ आ.वि. ओदलाम रु | २०,००० ।- | | |
| | जम्मा रु | ४,३४,००० ।- | अक्षररुपी रु चार लाख चौंतिस हजार रुपैया । | |

३. ५ नं. प्रदेश सरकारबाट प्राप्त भएको अनुदान बाट वडा नं. ५ सानडाँडामा बहुउद्देशिय हल निर्माणका लागी गाउँपालिकाले बोलपत्र आह बमोजिम बोलपत्र पेश गर्ने फर्महरू मध्येबाट बोलपत्र मुल्यांकन समितिले मुल्यांकनबाट सारभुत रूपले छनोट गरि सिफारीस गरेको श्री एण्ड विजय कन्ट्रक्सन प्रा.लि. पाखापानी २, रोल्पाको टेन्डर स्वीकृत गर्दै निर्माण कार्यको लागी सम्झौता गर्ने ।

४. जिनाबांग स्वास्थ्य चौकिका ल्यावटेक्निसियन करूणा वली सुत्केरी भएको कारण माघ महिनामा गर्नुपर्ने करार सम्झौता नविकरण हाल स नभएको हुदा निजको करार सम्झौता मिति २०७६ असार मसान्त सम्मको लागी करार सम्झौता नविकरण गर्ने र निजलाइ २ (अक्षरम महिना सम्म को विदा स्वीकृत गर्ने ।

५. गाउँपालिका भित्र कार्यरत रहेका स्थायी वा अस्थायी वा करार सम्पुर्ण महिला कर्मचारीहरूलाइ अब देखि निज सुत्केरी भएको खण्डमा उनि ९६ (छयानब्बे ) दिनको सुत्केरी विदा दिने ।

२०७६/१/२४